निम्न माध्यमबाट आर्थिक सहायता आवेदन, आर्थिक सहायता नीति, सरल भाषा सारांश र बिलिङ तथा असूली नीतिको नि:शुल्क प्रति अङ्ग्रेजी, स्पेनिश, र आर्थिक सहायता नीतिमा वर्णन भए अनुसारको अन्य भाषाहरूमा उपलब्ध हुनेछ:

- अस्पतालको भर्ना/दर्ता विभागमा सम्पर्क गरेर
- 281.312.4012 वा
  281.312.4000, विकल्प 5 मा कल गरेर
- इमेलद्वारा आवेदनको अनुरोध गरेर:
  Attn: Financial Assistance
  300 Kingwood Medical Drive
  Kingwood, TX 77339
- Memorial Hermann Surgical Hospital Kingwood वेबसाइटबाट आवेदन डाउनलोड गरेर:
  http://www.memorialhermannkingwood.com/financial-assistance-program/

## Memorial Hermann Surgical Hospital Kingwood

तपाईं आर्थिक सहायता, मेडिकेड, मेडिकेयर, वा अन्य कार्यक्रमका लागि योग्य हुनुहुन्छ वा हुनु हुँदैन भनेर जान्न, र आवेदन गर्न नि:शुल्क गोपनीय सहायताका लागि सम्पर्क गर्नुहोस्:

**Patient Business Services**
Attention: Financial Assistance
300 Kingwood Medical Drive
Kingwood, TX 77339

फोन: 281.312.4012 वा
281.312.4000, विकल्प 5

शुक्रवार: बिहान 8 बजे - बेलुका 5 बजे
सोमवार - बिहीवार: बिहान 8 बजे - बेलुका 7 बजे

संस्करण मिति: सोमवार, अक्टोबर 01, 2018

MEMORIAL HERMANN

4412327

# बिरामी आर्थिक सहायता सारांश

## सरल भाषा सारांश



जवाफ दिइएको मुख्य प्रश्नहरू:

- कुन-कुन सेवाहरू उपलब्ध गराइन्छ?
- मैले सहायताका लागि कसरी आवेदन गर्नु?
- सहायताका लागि को को योग्य हुन्छन्?
- आय सीमा के छ?
- मैले आय सीमा पूरा गर्न सकिन भने के गर्नु?
- मैले आवेदन गर्नलाई आवेदन फाराम कहाँबाट पाउनु?

MEMORIAL HERMANN

Memorial Hermann Surgical Hospital Kingwood द्वारा योग्य बिरामीहरूलाई आय, परिवार सदस्य सङ्ख्या तथा संघीय गरिबी स्तरका आधारमा आंशिक वा पूर्णतया छूट प्राप्त आकस्मिक तथा चिकित्सकीय-आवश्यक अस्पताल सेवाहरूका लागि आर्थिक सहायता उपलब्ध गराउँछ। आर्थिक सहायता लिन चाहने बिरामीहरूले कार्यक्रमका लागि आवेदन दिनुपर्छ, जसको सारांश यस कागजातका दिइएको छ।

## कुन-कुन सेवाहरू समेटिन्छ?

आर्थिक सहायता नीति (FAP) मा Memorial Hermann Surgical Hospital Kingwood मा प्रदान गरिने आकस्मिक तथा चिकित्सकीय-आवश्यक सेवाहरू समेटिन्छ।

आर्थिक सहायता नीतिले निम्न कुराहरू समेट्दैन: सौन्दर्य विधिहरू, Memorial Hermann Surgical Hospital Kingwood मा तपाईंको उपचार गर्ने तर अस्पतालले नियुक्त
नगरेका चिकित्सक तथा अन्य सेवा प्रदायकहरूद्वारा प्रदान गरिएको सेवाहरू, अथवा आफ्ना सेवाहरूका लागि अस्पतालबाट नभएर छुट्टै बिल गर्ने सेवा प्रदायकहरू।

## आवेदन कसरी गर्ने

आर्थिक सहायता नीति तथा आवेदन आफैं आएर, इमेल मार्फत, फोन मार्फत र Memorial Hermann Surgical Hospital Kingwood वेबसाइटबाट प्राप्त गर्न सकिनेछ। आवेदन पूरा भर्नुहोस्, अनुरोध गरेको कागजातहरू संलग्न गरेर अस्पताल भर्ना/दर्ता विभागमा वा यो पुस्तिकाको पछाडि पटि दिइएको ठेगानामा बुझाउनुहोस्।

## आय सीमा

योग्यताको एउटा आधार भनेको तलको तालिका अनुसार आय हो:

**2019 गरिबी मार्ग-निर्देशिका**

| परिवार/घरको सदस्य सङ्ख्या | आय प्रति वर्ष |
|---|---|
| 1 | $ 12,490 |
| 2 | $ 16,910 |
| 3 | $ 21,330 |
| 4 | $ 25,750 |
| 5 | $ 30,170 |
| 6 | $ 34,590 |
| 7 | $ 39,010 |
| 8 | $ 43,430 |

8 जना भन्दा बढी हुने परिवार/घरका लागि: प्रत्येक थप व्यक्तिका लागि $ 4,420 जोड्नुहोस्

## आर्थिक सहायताका लागि को-को योग्य हुन्छन्?

आर्थिक सहायता रकम तपाईंको आय, परिवार सदस्य सङ्ख्या तथा सङ्घीय गरिबी स्तरमा भर पर्छ। सङ्घीय गरिबी स्तरको 200% वा सो भन्दा कम पारिवारिक आय हुने बिरामीहरू 100% छूटका लागि योग्य हुन सक्छन्। सङ्घीय गरिबी स्तरको 200% भन्दा बढी पारिवारिक आय हुने बिरामीहरू छूटका लागि योग्य हुन सक्छन्।

नीतिबारे विस्तृत जानकारी हेर्नुहोस्:
**http://www.memorialhermannkingwood.com/financial-assistance-program/**

योग्य बिरामीहरूबाट आकस्मिक वा अन्य चिकित्सकीय-आवश्यक उपचार सेवाका लागि बिमा हुने बिरामीहरूलाई सामान्यतया बिल गरिने रकम (AGB) भन्दा बढी शुल्क लिइँदैन।

परिचयको प्रमाणका लागि निम्न प्रकारका फोटो सहितको परिचयपत्र स्वीकार गरिन्छ:

- राज्यले-जारी गरेको सवारी चालक अनुमतिपत्र वा परिचयपत्र
- विद्यार्थी परिचयपत्र
- राहदानी (US वा विदेशको)
- U.S. अध्यागमन कागजात
- विदेश वाणिज्य दूतावासद्वारा जारी गरिएको परिचयपत्र
- क्रेडिट कार्ड (फोटो सहित)